साझा सेवा
(सहकारी संस्था लि.)
चलानी नं. ०३
मिति. २०८२।०४।०६

# साझा सेवा (सहकारी संस्था) लि.

केन्द्रीय कार्यालय, बल्खु, काठमाडौं

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(सूचना प्रकाशित मिति : २०८२/०४/०६)

१. यस संस्थाको शेयर लगानी भई बहालमा लिए पाएको बिशालबजार कम्पनी लि. को काठमाडौं जिल्ला शुक्रपथस्थित सटर नं.१७ को कवल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा मूल भवनको भुइँतला २५५.४५ वर्गफिट क्षेत्रफल भएको उक्त कवल सिलबन्दी दरभाउपत्रका आधारमा बहालमा दिइने भएकोले व्यवसायिक प्रयोजनका लागि उपयोग गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/वा संघ संस्थाले आफूले बहालमा लिन चाहेको दरभाउ (प्रति वर्ग फुट) प्रति महिनाले वार्षिक रुपमा हुने जम्मा रकम समेत उल्लेख गरी तपसिलका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विवरण<br>सटर कवल (भुइँतल्ला) | क्षेत्रफल | दरभाउपत्र दर्ता अन्तिम मिति | दरभाउपत्र बुझाउने कार्यालय, |
|---|---|---|---|---|
| १. | सटर नं. १७ | २५५.४५ वर्ग फिट | २०८२ श्रावण २१ गते अपरान्ह ५:०० बजेसम्म | संस्थाको केन्द्रीय कार्यालय, बल्खु, काठमाडौं |

२. बिशाल बजार कम्पनी लि. को जारी सुचना अनुसार मिति २०८१/११/२८ गते हुने भनिएको वार्षिक साधारण सभा स्थगन भएकाले पुनः बस्ने साधारण सभाबाट सटर कवल बहाल सम्बन्धी विषयका अतिरिक्त -अन्य विषयमा साधारण सभाबाट निर्णय भए बमोजिम हुने गरी अर्को व्यवस्था नभएसम्मका लागि सटर कवल बहालमा लगाउने अवधि ४ (चार) बर्षको हुनेछ ।

३. साझा सेवा (सहकारी संस्था) लि. केन्द्रीय कार्यालय, बल्खु, काठमाडौंबाट रु.१,०००/- (एक हजार) नगद बुझाई १५ औं दिनसम्म (मिति २०८२/४/२० गते) कार्यालय समयभित्र दरभाउपत्र कागजात लिन सकिनेछ ।

४. दरभाउपत्रसाथ व्यक्ति भए नेपाली नागरिकताको आफैले प्रमाणित गरेको प्रतिलिपि तथा अन्य भए मु.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, आ.व.२०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

५. सिलबन्दी दरभाउपत्र पेश गर्दा वार्षिक रुपमा कवोल गरेको बहाल रकम अंकको न्यूनतम अढाई प्रतिशत रकम धरौटी स्वरुप संस्थाको पुल्चोकस्थित नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. को खाता ओ.डि.हि.नं.००४५९०१०२५०००९ मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ ।

६. सिलबन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात् मिति २०८२/०४/२१ गते दिनको २:०० बजेभित्र साझा सेवा (सहकारी संस्था) लि., केन्द्रीय कार्यालय, बल्खु, काठमाडौंमा दर्ता गरिसक्नुपर्नेछ (तोकिएको समय पश्चात् आएको दरभाउपत्र अमान्य हुनेछ), दर्ता भएका दरभाउपत्र फारामहरु सोही दिनको ४:०० बजे उपस्थित दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधिहरु एवं संस्थाका कर्मचारीहरुको रोहवरमा यस संस्थामा खोलिनेछ । दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन । दरभाउपत्र सम्बन्धी कागजात खोल्ने दिन सार्वजनिक बिदा परेमा सो सम्बन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिनेछ ।

७. संस्थाबाट उपलब्ध गराइएको दरभाउपत्र (अनुसूची -१ र अनुसूची -२ ) भरी बुझाउनुपर्नेछ ।

८. दरभाउपत्र कारण नखुलाई स्वीकृत वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ ।

९. दरभाउपत्रसम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा संस्थाको केन्द्रीय कार्यालय, बल्खु, काठमाडौंको फोन नं.०१-५६७१९८९, मोबाइल नं.९८४१-२९००२४ तथा ईमेल sajhapsl@gmail.com मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

१०. सिलबन्दी दरभाउपत्र स्वीकृत भइसकेपछि व्यक्ति/फर्म/कम्पनी वा संघ संस्थासँग पछि सम्झौता गरिनेछ ।